Goverment of Nepal
Ministry of Education
Department of Education

Funded by
European Union
Humanitarian Aid
and Civil Protection

बालबालिका केन्द्रित विपद् जोखिम न्युनिकरण समुह : डिपेको आठौं
(Child-Centered Disaster Risk Reduction (CC-DRR) Consortium: - DIPECHO VIII)
विद्यालय सुरक्षाको प्रबर्दन र सबलीकरण पैरवीका लागि अवस्थिति पत्र, २०७३ (Advocacy Position Paper, 2016)

प्रत्येक विद्यालय सुरक्षित विद्यालय !!
सुरक्षित भविष्य, सुरक्षित राष्ट्र !!!

विद्यालय सुरक्षाको परिचय

विद्यार्थीहरूले आफ्नो दैनिकीको ठुलो हिस्सा विद्यालयमा विताउँछन्, तसर्थ विद्यालय क्षेत्र विद्यार्थीले पुर्णतः सुरक्षित महशुस गर्ने र सबै प्रकारका सम्भावित जोखिमबाट मुक्त हुनु पर्दछ । तर, नेपालका अधिकांश विद्यालयले यो आधारभुत उद्देश्य हासिल गर्न नसकेकोले सरकार, गैरसरकारी संस्था तथा नागरिक समुदायवाट अतिरिक्त सहयोगको आवश्यकता परेको छ ।

नेपालमा बालबालिकाहरू विभिन्न प्रकृतिका विपद्हरूबाट अत्यन्तै जोखिममा रहेका छन् । गृह मन्त्रालयको प्रतिवेदन अनुसार भूकम्प, बाढी पहिरो, हिम पहिरो लगायतका प्रकोपबाट बार्षिक करिब ९०० मानिसले जीवन गुमाउनु परेको छ ।

वृहत्त विद्यालय सुरक्षा ढाँचा

बालबालिका केन्द्रित विपद् जोखिम न्युनिकरण समुह (CC-DRR Consortium) ले बृहत्तर विद्यालय सुरक्षा ढाँचा (Comprehensive School Safety Framework) को कार्यान्वयन गरी शिक्षा क्षेत्रमा हुनसक्ने सबै प्रकारका विपद्को जोखिम न्युनिकरण गर्ने उद्देश्य राखेको छ । यस अवधारणाले विद्यालयलाई विपद् जोखिमबाट सुरक्षित राख्न भौतिक संरचनामा मात्र हैन, विदयालय विपद् योजना र विपद् सम्बन्धी सिकाइ, तालिम आदि कार्यक्रमगत पक्षमा पनि बराबरी पहलकदमीको सुनिश्चिततामा जोड
दिएको छ ।

२०७२ वैशाखको भुकम्पले पारेको प्रभाव

२०७२ वैशाख १२ मा गएको ७.६ रेक्टर स्केलको भूकम्प नेपालको लागि पछिल्लो ८० बर्ष कै सबैभन्दा ठुलो विपद्को रूपमा रहेको छ । यो र वैशाख २९ को पराकम्पनले काठमाण्डौ वरिपरिको जनजीवन नराम्ररी प्रभावति पार्‍यो । करिब ८८९० जनाको ज्यान लियो, जसमा २३०० भन्दा बढि बालबालिका थिए । यसका साथै करिब ८,७५,००० घर ध्वस्त हुनुका साथै विद्यालय, स्वास्थ्य संस्था तथा पुर्वाधारका संरचनाहरूमा अपुरणीय क्षती पुग्यो । यसका अलावा पटक पटक आएका पराकम्पनहरूले गर्दा लाखौं बालबालिका तथा प्रौढमा समेत मनोवैज्ञानिक असर परेको छ जुन आज पनि गम्भीर समस्याको रूपमा रहेको छ ।

- ५८४ विद्यार्थी (५७२ आधारभुत तह मा पढने र १३ जना उच्च तहमा अध्ययनरत) ले ज्यान गुमाए ।
- विद्यालयतह तथा उच्च शिक्षामा अध्यापनरत ४९ शिक्षक गुमायौं ।
- ३४ हजारभन्दा बढी कक्षाकोठा ध्वस्त तथा क्षतिग्रस्त भए ।
- १० लाख विद्यार्थीहरूले कुनै भौतिक संरचनाबिना पढाई गर्नुपर्ने स्थितिमा पुगे भने ५ लाख विद्यार्थीको लागि विद्यालयमा फर्किन सहायताको खाँचो पर्ने अवस्था बन्यो ।
- समग्र शिक्षा क्षेत्रमा ४१५ मिलियन अमेरिकी डलर बराबरको क्षति पुगेको अनुमान गरिएको छ ।

१. बालबालिका केन्द्रित विपद् जोखिम न्यूनिकरण समूहमा प्लान इन्टरनेशनल नेपाल, सेभ द चिल्ड्रेन इन्टरनेशनल नेपाल र वर्ल्ड भिजन इन्टरनेशनल नेपाल समूह सदस्यकका रूपमा रहेका छन् भने युनिसेफ तथा यु एन हाविटाट (UNHABITAT) रणनीतिक सदस्यका रूपमा रहेका छन् । यो समूह तथा यसका साझेदार संस्थाहरूले संयुक्त रूपमा सुरक्षित विद्यालय परियोजना कार्यान्वयन गरिरहेका छन् । सो परियोजना दक्षिण एसियाका निम्ति डिपेको ८ कार्ययोजना अन्तर्गत रहेको छ र यसलाई यूरोपियन यूनियनको आर्थिक सहयोगमा सञ्चालित मानवीय सहयोग तथा नागरिक सुरक्षा विभाग (DG ECHO) का सहयोग पनि प्राप्त छ । नेपाल सरकारका तर्फबाट शिक्षा विभागले यस परियोजनाको नेतृत्व गर्दै आएको छ र यसले प्राविधिक सहयोगका लागि राष्ट्रिय शैक्षिक जनशक्ति विकास केन्द्रसँग समन्वय गरी काम गर्दै आएको छ ।
२ The Global Alliance for Disaster Risk Reduction and Resilience in the Education Sector and The Worldwide Initiative for Safe Schools का लागि एउटा विश्वव्यापी ढाँचा
३ श्रोतः नेपाल सरकारको विपद्पछिको आवश्यकता पहिचान प्रतिवेदन २०१५ (PDNA 2015)

" बाढी आउने समयमा मलाई सान्है डर लाग्छ किनभने हाम्रो विद्यालय नजिकै खोला छ र यो ठाउँ सुरक्षित छैन । "

(श्री दुर्गा भवानी माध्यमिक विद्यालय, कक्षा ६–८, कञ्चनपुर गा वि स)

विपद्ले समग्र शिक्षा व्यवस्थामा पुऱ्याउने असर

विपद् लगत्तै शिक्षाको पहुँच स्थापित गर्न नसक्दा :

- बालबालिकाहरू प्रौढको भुमिका र जिम्मेवारी सम्हाल्न विवश हुन्छन् ।
- कतिपय बालबालिकाहरू कहिल्यै विद्यालय फर्किंदैनन्, उनीहरूले पढनेलेख्ने, सिक्ने वा गणितिय सिप, जिज्ञासु क्षमता नै गुमाउन पुग्छन् ।
- बालबालिकाको संज्ञानात्मक र विकासात्मक आवश्यकताहरू अपहेलित हुन पुग्छन् र यसले विपद्को समयमा आईपर्ने दुःख सामना गर्नसक्ने क्षमतामा ह्रास आउँछ ।
- अभिभावकको अनुगमन र विद्यालय बाहिर रहेका विद्यार्थीहरू सशस्त्र समुहमा भर्ना हुनसक्ने, श्रमिक बन्न सक्ने, बाल बेचबिखन, विभिन्न प्रकृतिका शोषण , कालोबजारी तथा लागुऔषध जस्ता कुलतमा फस्ने खतरा हुन्छ ।

समस्याको सम्बोधन

गत बर्षको भुकम्पले विपद्को समयमा शिक्षा क्षेत्रमा हुने समस्या र अप्ठ्याराहरूलाई उजागर गरेको छ र विशेष गरी जोखिम न्युनिकरण र पूर्व तयारीका निम्ति कसरी छिटो र प्रभावकारी ढंगले काम गनुर्पछ भन्ने पाठ सिकाएको छ ।

- विद्यालय सुरक्षा अवधारणाका विषयमा केन्द्रिय नीतिगत तहदेखि स्थानीय तहसम्म सही बुझाइ हुनसकेको छैन । विद्यालय सुरक्षा भन्नाले केवल भवन र अन्य भौतिक संरचनाको सुदृढीकरण मात्र सम्झने गरिएको छ । वास्तवमा यस भित्र त कार्यक्रमगत अबधारणाहरू जस्तैः विद्यालय सुरक्षा योजना निर्माण, समुदायको संलग्नता र स्वामित्व तथा स्तरिय कार्यसंचालन पद्धति जस्ता तत्वहरू खासगरी विपद् जोखिम न्युनिकरणका निमित्त उत्तिकै महत्वपुर्ण रहेका छन् । विद्यालयहरूले यी सबै पक्षलाई ध्यानमा राखेर पूर्वतयारी गर्नु पर्छ ।
- विद्यालय क्षेत्र सुधार योजना (SSRP) र विद्यालय सुधार योजना (SIP)ले विपद् जोखिम न्युनिकरण (DRR) को तत्वलाई यथेष्ट रूपमा समेट्न सकेको थिएन ।
- स्थानिय स्तरमा विपद् जोखिम न्युनिकरण (DRR) र विद्यालय सुधार योजना (SIP)को कार्यान्वयन गर्न आवश्यक स्रोत साधनको अभाव रहिआएको छ ।
- यी अवधारणालाई आवश्यक महत्व नदिएकाले विदयालयमा आधारित विपद् जोखिम न्युनिकरण (DRR) र समुदायमा आधारित विपद् जोखिम न्युनिकरण (DRR) योजनालाई एकीकृत गर्नु निकै चुनौतिपूर्ण रहेको छ ।
- विपद् जोखिम न्युनिकरण (DRR) का गतिविधि विद्यालयमा समाहित नगरिएको र आवश्यक महत्व नदिएकाले यस विषयका लागि मुल उत्तरदायित्व तोकिएको व्यक्ति वा संयन्त्र छैन ।
- प्रधानाध्यापक वा शिक्षक तालिमका मापदण्ड भित्र विपद् जोखिम न्युनिकरण (DRR) को अवधारणा समाविष्ट गरिएका छैनन् ।
- विभिन्न तहको पाठयक्रमका विपद् जोखिम न्युनिकरण (DRR)को अवधारणा आवश्यक मात्रामा समावेश नै गरिएका छैनन् ।
- स्थानिय निकायमा समेत विपद् जोखिम न्युनिकरण (DRR) शिक्षा क्षेत्रका लागि आवश्यक अवधारणा हो भन्ने सम्बन्धी स्पष्ट कार्य विवरण छैन ।

यो समस्या निदानका लागि नेपाल सरकार र बालबालिका केन्द्रित विपद् जोखिम न्युनिकरण समुहले के गर्दैछौ त ?

बालबालिका, अभिभावक, शिक्षक र विद्यालय परिवारका बीचमा विपद् जोखिम न्युनिकरण (DRR) बारेको न्युन चेतनाका कारण कमजोर तयारीको अवस्था रहेको छ । तसर्थ बालबालिका केन्द्रित विपद् जोखिम न्युनिकरण समुहले नेपाल सरकारसँग मिलेर विद्यालय र यसका सरोकारवालाहरूका बीचमा जनचेतना अभिबृद्धि गर्ने तथा जोखिम न्युनिकरणका निमित्त तयारीका लागि सघाउन लागेको छ । समुहले भौतिक संरचना (Hardware Components) मात्र नभई कार्यक्रमगत पक्ष (Soft Components) को प्रबर्द्धनमा जोड दिएको छ । समुहले नेपाल सरकार शिक्षा मन्त्रालयको नेतृत्वमा रहेका शिक्षा विभाग र राष्ट्रिय शैक्षिक जनशक्ति विकास केन्द्रसंग समन्वय गरेर सबै शैक्षिक योजना (राष्ट्रिय तथा स्थानीय योजना), नीति, शिक्षक तालिम, पाठ्यक्रम र स्थानिय योजनामा समेत विपद् जोखिम न्युनिकरण (DRR)का अवधारणा समाहित गराउन सहकार्य गरिरहेको छ । यस क्रममा समुह र शिक्षा क्षेत्रका सरोकारवाला बीचको सहकार्यमा केही तल दिइएका महत्वपुर्ण उपलब्धिहरू भईसकेका छन् ।

" हाम्रो विद्यालयमा बनाएको नयाँ भऱ्याङ्ग भत्किएर झण्डै एक जना विद्यार्थीको ज्यान गयो । त्यो भऱ्याङ्ग फेरि बनाएको त छ तर त्यहाँ नाङ्गो फलामका छडहरू छन् , रेलिङ्ग र हेण्डल पनि छैन । मलाई थाहा छैन किन बालबालिकाहरूलाई ध्यानमा राखेर नबनाएका होलान् । "

(श्री दुर्गा भवानी मा वि, कक्षा ९–१०, कञ्चनपुर गा वि स बाँके)

उपलब्धिहरू

विद्यालय क्षेत्र विकास योजना (SSDP) : आगामी ७ वर्षका लागि ल्याइएको शिक्षाको यस मूल योजनामा विपद् जोखिम न्युनिकरण (DRR) र विस्तृत विद्यालय सुरक्षा अवधारणा (CSSF) लाई महत्वका साथ समाहित गरेको छ । यसका निमित्त बालबालिका केन्द्रित विपद् जोखिम न्युनिकरण समुह, अन्तराष्ट्रिय गैरसरकारी संस्था समुह (AIN) र शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (NCE-Nepal) लगायतका समुह र सहकर्मीहरूले गर्नु भएको निरन्तर पैरवीले सकारात्मक भुमिका खेलेको छ । विद्यालय क्षेत्र विकास योजनामा भएको बजेट अपुगको लागि निरन्तर पैरवी भईरहेको छ ।

विद्यालय सुधार योजना निर्माण निर्देशिकाः २०७३ देखि हाल सालै विद्यालय सुधार योजना निर्माण सहायक सामग्रीमा विपद् जोखिम न्युनिकरण (DRR) का विविध पक्षहरूलाई सामवेश गरिएको छ । यसका लागि शिक्षा मन्त्रालयका विभिन्न तहका कर्मचारीका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन भइरहेका छन् । यो क्रम विद्यालय तहसम्म पुगिसकेको छ र यस प्रक्रियाको नेतृत्व शिक्षा विभाग र जाईका (JICA) को सहकार्यमा संचालित विद्यालय व्यवस्थापन सुधार सहयोग (SISM-2) परियोजनाले गरेको छ भने बालबालिका केन्द्रित विपद् जोखिम न्युनिकरण समुहले प्राविधिक सहयोग गर्दै आइरहेको छ ।

प्रधानाध्यापकका लागि तालिम ; बालबालिका केन्द्रित विपद् जोखिम न्युनिकरण समुह र शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र एवम् पाठ्यक्रम विकास केन्द्रका बीचमा भएको पटक पटकको छलफल र परामर्श पश्चात् शैक्षिक जनशक्ति विकास केन्द्रले प्रधानाध्यापकहरूलाई प्रदान गर्ने तालिममा विपद् जोखिम न्युनिकरण (DRR) लाई समावेश गरेको छ । शैक्षिक जनशक्ति विकास केन्द्रसंगको निकट सहकार्यमा एकदिने

" यदि यहाँ कुनै विपद् आयो भने म भाग्न सक्दिन किनभने हाम्रो चौरमा ढुङ्गैढुङ्गा छन् र थुप्रै भऱ्याङ्गहरू पनि छन् , मलाई आफू लड्छु की जस्तो लाग्छ । "

(भिष्मराज भट्ट – अपाङ्गता भएको बालक) कक्षाः १०, कालीभैरव मा वि, डोटी)

विद्यालयमा रहेका जोखिमहरूको पहिचान गर्दै बालबालिकाहरू

तालिम मोड्युल तयार गरी शैक्षिक स्रोत केन्द्रका प्रशिक्षकहरूलाई तालिम दिई सकिएको छ र तिनीहरूले सो सिकाइलाई प्रत्येक विद्यालयका प्रधानाध्यापक समक्ष पुऱ्याउने छन् ।

शिक्षकको पेशागत विकास तालिम; बालबालिका केन्द्रित विपद् जोखिम न्युनिकरण समुह र शैक्षिक जनशक्ति विकास केन्द्रका अधिकारीहरू बीचको पटक पटकको छलफल पश्चात् शिक्षकको पेशागत विकास तालिम कार्यक्रम अन्तर्गत विपद् जोखिम न्युनिकरण (DRR)को छुट्टै मोड्युल बनाउने निर्णय भई शैक्षिक जनशक्ति विकास केन्द्रको नेतृत्वमा सो कार्य अगाडी बढिरहेको छ । उक्त मोड्युल शैक्षिक जनशक्ति विकास केन्द्रको नियमित तालिम संरचना मार्फत प्रत्येक विद्यालयमा पुऱ्याइने छ । यसले भविष्यमा प्रत्येक विद्यालयमा एकजना विपद् जोखिम न्युनिकरण (DRR) श्रोत शिक्षक विकास गर्ने लक्ष्यलाई समेत महत्वपुर्ण सहयोग पुऱ्याएको छ ।

यस परियोजनाले शुरूमा परिकल्पना गरेभन्दा पनि महत्वपुर्ण उपलब्धिको रूपमा विद्यालय क्षेत्र विकास योजना (SSDP) मा विद्यालय सुरक्षाको विस्तृत अवधारणा समावेश गरी ५ बर्षे विपद् पश्चात्को पुनर्निर्माण खाका (२०१६, अप्रिल) समेत आउनुलाई निकै ठुलो उपलब्धिका रूपमा हेर्न सकिन्छ ।

जोखिम र चुनौतिहरू

- यो परियोजनाका उद्देश्य र समयसिमाका कारण आफैमा महत्वाकांक्षी छ । तसर्थ समूहले यस परियोजनाका गतिबिधिहरूको दिगोपनाका लागि सरकारसंग सहकार्य निरन्तर स्थापित गर्नु ।
- परियोजना कार्यान्वयनका क्रममा आइपर्ने विभिन्न अनिश्चितता तथा बाधा व्यवधानहरू जस्तैः राजनीतिक फेरबदल, ईन्धन संकट, मन्त्रालय, विभागमा हुने परिवर्तन आदि । समूहसँग सरकारी संयन्त्रबाट सहकार्य गरिरहेका विद्यालय सुरक्षा अभियानका सारथीहरूमा हुने फेरबदलले पनि परियोजनाको सफलतामा प्रभाव पार्दछ ।
- परियोजनाको सफलता यसले निर्दिष्ट गरेका विद्यालय सुरक्षा अवधारणाका कार्यक्रमगत पक्षहरू (Software Components) हाल परियोजना लागु नभएका जिल्लाहरूमा अनुशरण हुने सुनिश्चिततामा जोडिएको छ । तसर्थ यसका लागि स्रोत ब्यबस्थापन अर्को चुनौति रहेको छ ।

" बालक्लब तथा ईको क्लबको सक्रिय सदस्य भएता पनि मैले कहिले पनि सुरक्षाका उपायहरू बारे तालिम पाइन । हामीहरू विद्यालयमा अतिरिक्त क्रियाकलाप र रमाइलो हुने कार्यक्रमहरू गर्ने गर्छौं तर विपद् र सुरक्षा बारे सचेत गराउने कार्यक्रमहरू हामीसँग छैन ।"

(श्री दुर्गा भवानी मा वि, कक्षा ९–१०, कञ्चनपुर गा वि स बाँके)

१ वर्षभित्र आफ्ना विदयालयमा खोजेको परिवर्तनहरू बारे व्यक्त गर्दै बालबालिकाहरू

के छन् त हाम्रा अपिलहरू आग्रहहरू ?

बालबालिका केन्द्रित विपद् जोखिम न्युनिकरण समुह (CCDRR Consortium)ले विद्यालय सुरक्षा अवधारणालाई संस्थागत गर्न थुप्रै कदमहरू चालेको छ र महत्वपुर्ण सफलता पनि प्राप्त गरेको छ । यस अवधारणालाई दीर्घकालीन रूपमा अगाडी बढाउन सरकार तथा दाताहरूले यसलाई प्राथमिकतामा राख्न जरूरी छ । तसर्थ हामी CCDRR समुहको तर्फबाट सरकार, दाता र सरोकारवाला निकायलाई विद्यालय सुरक्षालाई प्रवर्धन गर्न र भविष्यमा हुनसक्ने विपद् प्रतिकार्यको तयारी एवम् प्रतिरोधी क्षमता बढाउन निम्नानुसारका सुझावहरूलाई कार्यान्वयन गर्न आग्रह गर्दछौं ।

१. विद्यालय क्षेत्र विकास योजना (SSDP)मा विपद् जोखिम न्यूनिकरण र विद्यालय सुरक्षाका विषयहरू समावेश गरिएको छ, सरकार र दाताहरूका तर्फबाट संरचनागत र कार्यक्रमगत पक्षहरूका लागि यथेष्ट श्रोतसाधन छुट्टाईयोस् ।

- विपद् पश्चात्को पुनर्निर्माण कार्यढाँचालाई विक्षेबियो (SSDP)मा समाविष्ट विपद् जोखिम न्युनिकरण र विद्यालय सुरक्षा अवधारणा बमोजिम समायोजन गरियोस् ।

२. देशभरका विद्यालयहरूमा विद्यालय सुधार योजना निर्माण गर्दा विपद् जोखिम न्युनिकरण अवधारणालाई समेत समाहित गरियोस् तथा यसका गतिविधिलाई कायान्वयन गरियोस् ।

- जिल्ला तहबाट विद्यालय निरीक्षकले तथा केन्द्रिय तहमा शिक्षा विभागबाट यसको गुणस्तर तथा कार्यान्वयनका पक्षहरूको अनुगमन निरीक्षण गर्ने प्रबन्ध मिलाईयोस् ।

३. शिक्षकको पेशागत विकास अन्तर्गत सबै शिक्षकहरूले विपद् जोखिम न्युनिकरणको मोडुल अनुसारको तालिम प्राप्त गर्ने सुनिश्चितता गरियोस् ।

- सरकारले प्रत्येक विद्यलायको एक शिक्षकलाई विपद् जोखिम न्युनिकरण सवालमा तालिम प्राप्त प्राविधिक जनशक्तिको रूपमा विकसित गर्ने र सम्पर्क व्यक्तिको रूपमा स्थापित गर्ने गरी तयार गर्न निर्देशिका लागु गर्नुपर्छ र उक्त शिक्षकलाई कम्तिमा यो मोडुलको तालिमको व्यवस्था गरियोस् ।

४. पाठ्यक्रमहरू पुनरावलोकन गरी विपद् जोखिम न्युनिकरणको विष्यवस्तु समावेश गरियोस् ।

- पाठ्यक्रम विकास केन्द्र र सरोकारवालासँगको सहकार्यबाट विपद् जोखिम न्युनिकरणको अवधारणा केन्द्रिय पाठ्यक्रममा समाविष्ट गरी कार्यान्वयन गर्नका लागि दीर्घकालीन योजना समेत निर्माण गर्नुपर्छ ।

५. सरकारले जारी गरेको श्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरूको कार्य विवरण पुनरावलोकन गरी विद्यालय क्षेत्रको विपद् जोखिम न्युनिकरणको भूमिका समावेश गर्ने निर्देशन दिनुपर्छ ।

- हाल समावेश गरिएका जिल्लाहरूको प्रभावकारीता तथा विद्यालय निरीक्षकहरूको अनुभवलाई समावेश गरी सम्पूर्ण विद्यालय निरीक्षकहरूको कार्य विवरण पुनरावलोकन गरी विपद् जोखिम न्युनिकरण सम्बन्धी भूमिका समावेश गरी प्रभावकारी कार्यान्वयन र विस्तार गर्नुपर्छ । सरोकारवालाहरू बीचको विभिन्न परामर्श गोष्ठी र कार्यशालाबाट जिल्ला शिक्षा अधिकारीको भुमिका र जिम्मेवारी पहिचान गरी पुनरावलोकन गरिएको छ र यसलाई ६ जिल्लामा परिक्षण स्वरूप लागु गरिदैछ । यसको प्रभावकारी कार्यान्वयन पश्चात् प्रगति प्रतिवेदन शिक्षा विभागमा बुझाइ राष्ट्रिय रूपमा अबलम्वन र विस्तार गर्नुपर्छ ।

अब साँच्चिकै केही गर्ने बेला आएको छ ।

भुकम्पले हाम्रो जीवनमा बहुआयामिक क्षति पुऱ्याएको छ तापनि यसले विपद् पुर्वतयारीको महत्वलाई उजागर गरेको छ र जनचेतना जगाएको छ । तसर्थ यसलाई अवसरका रूपमा लिंदै भविष्यमा हुने विपद्हरूबाट बालबालिकालाई पुर्णत सुरक्षित बनाउन सकिन्छ भन्ने तर्फ लाग्न प्रेरित गरौं । आउनुहोस् ! हातेमालो गरौं, १८ महिनाको यस प्राकृतिक विपद् पुर्वतयारी कार्यक्रम (DIPECHO) मार्फत थालनी गरिएको यो प्रयासलाई ७४८,८२४८ बालबालिका, १४४,००० शिक्षक तथा ३४,८०६ विद्यालय र समुदायमा पुऱ्याएर सम्भावित विपद् जोखिम विरूद्ध उत्थानशिलता (Resilience) अभिबृद्धि गरौं !

"यूरोपियन यूनियनको आर्थिक सहयोगमा सञ्चालित मानवीय सहयोग गतिविधिहरूको बारेमा यस डकुमेन्टमा उल्लेख गरिएको छ । यूरोपियन यूनियनका आधिकारीक धारणाको रूपमा कुनैपनि किसिमले यहाँ व्यक्त विचारहरूलाई लिइने छैन साथै त्यसबाट निर्मित कुनै पनि सूचना तथा जानकारीको प्रयोगमा यूरोपियन कमिसन जिम्मेवार हुने छैन ।"